जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- १३, २०८१ कात्तिक ८ गते विहीबार, 24 Oct. 2024, नेपाल सम्वत्-११४४ पृष्ठ-६, मूल्य रु. ५/-

मौलाकाली

आकर्षक गन्तव्य बन्दै

○ सरिता दाहाल

गैडाकोट (नवलपरासी पूर्व) । तिहार नजिकीदै गर्दा मकवानपुर हेटौंडाकी सिता मल्ला मौलाकाली मन्दिर जाने तयारीमा छिन् । हेटौंडाबाट फ्रेस हुनको लागी नजिक तर नयाँ गन्तव्य भएको बताउने सिता, यमपञ्चकको बिदामा मौलाकाली जाने तरकारमा छिन् ।

"बिहान सबेरै जाने साँझ आइन्छ, नजिकै भएकोले थकाल र अन्य काम बित्ने तनाव पनि हुँदैन । केवलकार चढ्ने बालबालिकाहरूको रहर पनि पुरा हुन्छ" उनले भनिन् ।

मध्य नेपाल भएर बग्ेको नारायणी नदी । चितवन र नवलपरासी भएर बग्ने नारायणी नदीको नजिकै रहेको मौलाकाली मन्दिर एक प्रसिद्ध माता कालिकाको हिन्दु मन्दिर हो । मन्दिर नवलपरासी जिल्लाको गैंडाकोटमा अवस्थित छ।

मौसम अनुकुल हुँदा चितवन, नवलपरासी र तनहुँका विभिन्न स्थानका दृश्यावलोकन गर्न समेत सकिने मौलाकालिका मन्दिर परिसर १ बैशाख २०८० बाट सञ्चालनमा आएको केबलकारले आन्तरिक धार्मिक पर्यटकको चहलपहल बढेको छ। मौलाकालिकाको फेदीबाट छोटो दूरीको केबलकार चढेर मन्दिरसम्म पुग्नसक्ने भएपछि मन्दिरको दर्शनमा जाने भक्तजनलाई सहज भएको छ ।



केवलकारको संचालन हुनु पहिले सिढीको बाटो भएर भक्तजन तथा पर्यटक मन्दिर जाने गर्थे । यद्यपी अहिले पनि सिढीबाट हिडेर वा अटोमा समेत मौलाकाली जाने सुविधा भक्तजनको लागि खुल्ले छ । पुजाआजा र दर्शनका अलावा सहरको रमझम भन्दा केही पर प्राकृतिक दृश्यावलोकनमा रमाउन चाहनेका लागिसमेत मौलाकालिका आकर्षक गन्तव्य रहेको छ ।

यहाँबाट भरतपुर महानगर पालिका र गैंडाकोट नगर पालिकाको सिमा भएर बग्ेको नारायणी नदी, नवलपरासी, चितवन, तनहुँ, गोर्खाका अग्ला डाँडा, भञ्ज्याङ, हिमशृखलाका अवलोकन गर्न सकिन्छ । नेपालको उत्कृष्ट धार्मिक तीर्थस्थल देवघाटधाम, चितवनको समथर भूमि, राष्ट्रिय निकुञ्जको जङ्गल चुरे क्षेत्र समेत मन्दिर परिसरबाट आखाँ नअघाउन्जेल हेर्न सकिन्छ ।

देशकै पर्यटकीय गन्तव्यहरू मध्ये एक चितवन आउने पर्यटकका लागि समेत मौलाकालिका धार्मिक पर्यटकीय गन्तव्य बनेको छ । स्वदेशी एवं विदेशी पर्यटक पुग्ने चितवनका पर्यटकीय गन्तव्यसँगै मौलाकालिका केबलकारको सञ्चालनसँगै अर्को गन्तव्य थपिएको स्थानीय व्यवसायी लेखराम सापकोटा बताउँछन् ।

नारायणी नदीको पुल पार गर्ने बित्तिकै आउने गैडाकोट नगर पालिकाको प्रवेश विन्दुको दायाँतर्फ दुई किलोमिटरमा मन्दिर फेदीको प्रवेशद्वार पुगिन्छ । त्यहाँबाट केबलकारको पाँच मिनेटको यात्रामा मन्दिर नजिकै पुग्न सकिन्छ । सिढीको बाटो जाने हो भने करिब १ घण्टा उकालो हिडेर जान सकिन्छ ।

मौलाकाली सामुदायिक वन र मौलाकालिका धार्मिक वनमित्र रमणीय हरियाली वातावरण छ । केबलकारबाट पनि यो प्राकृतिक दृश्यावलोकन गर्न सकिन्छ ।

मौलाकालिका मन्दिर पूर्वी नवलपुरको गैंडाकोटस्थित पूर्वपश्चिम राजमार्गको नारायणी पुलबाट उत्तरतर्फ करिब चार किलोमिटर ढाढा छ । समुद्र सतहदेखि ५६१ मिटर उचाइमा पहाडी वनको धुरीमा मौलाकालिका मन्दिर अवस्थित छ । केबलकार सञ्चालन भएपछि त्यसको प्रत्यक्ष लाभ भरतपुर क्षेत्रको पर्यटन प्रवद्धनमा पुगेको देखिन्छ । सन् २०२४ लाई भरतपुर भ्रमण वर्ष मनाउँदै गरिएकोले यो गन्तव्य महत्वपूर्ण

बाँकी पेज ३ मा



क्याम्पसको बगैचामा ढकमक्क फूल

○ सहीखबर संवाददाता

मकवानपुर, थाहानगर । यो मकवानपुरको थाहा नगरपालिका ३ मा रहेको पालुङ क्याम्पसमा ढकमक्क फूलेको फूलबारी हो । यस क्याम्पसको करिब ३ रोपनी जग्गामा विभिन्न प्रजातिको फूलहरू लगाइएको छ ।

क्याम्पसका प्राध्यापक, उपप्राध्यापक तथा विद्यार्थीहरु मिलेर यी फूलहरू रोप्ने र गोडमेल गर्ने गरका छन् । विद्यार्थीहरु जमुना श्रेष्ठ, मनिषा विष्ट, रुपा विष्ट, सन्ध्या श्रेष्ठलगायतको नेतृत्वमा फूलको विरुवा खोजी गरेर रोपिएको क्याम्पसका उपप्राध्यापक तथा सूचना अधिकारी कुमार नेगीले बताए । स्थानीय पूजा एग्रोभेटको प्रो राघवेन्द्र भेट, टिस्टुङ वनस्पति उद्दानबाट बिरुवा सहयोग स्वरुप प्राप्त भएको सूचना अधिकारी नेगीले बताए ।

"मुल उद्देश्य क्याम्पसको शोभा, तर तिहारमा कसैले किन्न खोजेमा विक्री समेत गरीनेछ, तर वितगमा पनि खासै फूलको माग



नहुने गरेको क्याक्पस प्रमुख राजन मिश्रले जानकारी दिए । पालुङ क्याम्पसमा स्नातक तहमा मानविकी र व्यवस्थापन विषय पठनपाठन हुन्छ । यो उत्तरी मकवाावुरको एक मात्र स्नातक अध्यापन हुने क्याम्पस हो । जहाँ अहिले २०३ जना विद्यार्थी अध्ययनरत छन् ।

पर्यटकीय थाहा नगरको स्थानीयहरुले पनि बारीको कान्लाभरी नै तिहार लक्ष्यित फूल खेती गर्ने गरेका छन् । हरेक वर्ष तिहारमा यहाँ उत्पादीत फूलहरु काठमाडौं उपत्यकामा विक्री हुने गरेको छ ।

कानुनद्वारा प्रतिबन्धित लागुऔषधहरुको प्रयोग नगरौं, आफ्ना बालबालिकाहरुको साथी संगतमाथि निगरानी राखौं । सभ्य र सिर्जनशील समाज निर्माणमा योगदान गरौं ।

लोकहितको लागि ww.saheekhabar.com

सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- ❒ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❒ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- ❒ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- ❒ सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- ❒ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,मकवानपुर

२०८१ कात्तिक ८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार व्यवस्थापक: गोपिनी दाहाल
प्रबन्ध व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

चाडपर्वलाई मर्यादीत बनाऔं

खराब मौसमको बाबजुत वडादशै पर्वको बिदाइ गरिएको छ । दुईसाताकै अन्तरालमा अर्थात अर्को हप्ताबाट तिहार (यमपञ्चक) सुरू हुँदैछ । कतिपयले दशैं र तिहार पर्वको लागि एकमुष्ट बिदा मिलाउने गरेका छन् । घुमाघाम र पारिवारीक मिलनको कार्यलाई तिव्रता दिने गरेको पाइन्छ । चाडपर्व मनाउँदा पर्वको मौलिकतासँगै आफ्नो आर्थिक हैसियत तथा सामाजिक मर्यादालाई पनि ख्याल गर्न सकियो भने पर्वकै कारण पछिल्ला दिनहरूमा अनावश्यक समस्या भोग्नु पर्दैन ।

चाड पर्वलाई मर्यादीत बनाउनका लागि व्यक्ति समाज तथा समुदायको सोचाइमा पनि परिवर्तन आवश्यक हुन्छ । चाडपर्वको समयमा पारिवारिक, सामाजिक र सांस्कृतिक मूल्यलाई सुरक्षित राख्नुपर्छ । धार्मिक र सांस्कृतिक मूल्यहरुको सम्मान, सामुदायिक एकता, वातावरणको संरक्षण,सादा जीवनशैली अपनाउनु, युवा पीढीको शिक्षामा विशेष ख्याल गर्न सकियो भने पर्वहरू मर्यादीत बनाउन सकिन्छ ।

चाड पर्वको धार्मिक र सांस्कृतिक महत्वलाई बुझ्ने र सम्मान गर्ने गर्दा यसले पौराणिक कथाहरु र परम्परालाई मनन गर्दै चाडको वास्तविक उद्देश्यलाई ध्यानमा राख्न मद्दत गर्छ। चाड पर्वहरु सामुदायिक एकता र सद्भावना फैलाउने अवसर हुन्। विभिन्न जाति, धर्म र संस्कृति मिलेर चाड मनाउँदा एकता र सहिष्णुताको भावना बलियो हुन्छ। पर्वको समयमा प्रदूषण नथप्ने र वातावरणलाई ध्यानमा राख्नुपर्छ। प्लास्टिकको प्रयोग घटाउने, प्राकृतिक सामग्रीको प्रयोग गरेर चाड मनाउने जस्ता प्रयासहरु गरिनु पर्छ। यसैगरी पर्वलाई भव्यताभन्दा सादा र अर्थपूर्ण मनाउने प्रयास गर्नुपर्छ। यसले आर्थिक भार कम गर्छ र चाडको वास्तविक आनन्दलाई बढाउँछ।

बालबालिका र युवालाई पर्वको साँचो अर्थ र महत्व सिकाउनु आवश्यक छ। जसले भविष्यमा चाडलाई अझ बढी मर्यादित र अर्थपूर्ण बनाउन मद्दत पुर्याउँछ। सचेत बनौ पर्वहरूलाई मर्यादीत ढंगले मनाउन पहल गरौं ।



उमा पौडेल

सामाजिक सुरक्षा कोषको नौ महिने सर्त अव्यावहारिक

नौ महिनासम्म भवितव्य पर्दैन भनेर कसले ग्यारेन्टी गर्न सक्छ ? भन्ने वैदेशिक रोजगारमा जाने श्रमिकको त काम, तलब, दुर्घटनाको ग्यारेन्टी गर्नु चुनातीपूर्ण भएकाले निश्चित अवधि र अनिवार्य योगदानको सर्त श्रमिकका लागि अनुकूल देखिँदैन ।

मलेसिया गएको एक महिनामै (२०८० असार ७ गते) निधन भयो, इलामको देउमाई- ७ सिद्धिथुम्काका सनतकुमार घिमिरेको । २०८० जेठ ५ गते मलेसियामा गएका घिमिरेको मृत्युको कारणमा झुन्डिएर आत्महत्या गरेको भन्ने उल्लेख छ । घिमिरेका आफन्तका अनुसार उनलाई म्यानपावरले सप्लायर्सको काम भनेर मलेसिया पठाएको थियो, तर उनले भनेको काम पाएनन् । विडम्बना, काम सुरु नगर्दै उनले मृत्युवरण गरे ।

घिमिरेका आफन्तले बिमा र वैदेशिक रोजगार बोर्डबाट आर्थिक सहायता बापतको रकम समेत प्राप्त गरिसकेका छन् । विदेश पुगेको एक महिनासम्म काम नपाएका कारण उनले सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्न पाएका थिएनन् । त्यसकारण कोषबाट प्राप्त गर्ने सुविधाबाट घिमिरेका परिवार वञ्चित भए ।

इलाम नगरपालिका- ९ गोलाखर्कका सुनिल गोले तामाङ वैदेशिक रोजगारीका सिलसिलामा साउदी अरब गएका थिए । २०७७ चैत ८ मा श्रम स्वीकृति लिएर गएका तामाङले २०८१ जेठ ३ मा साउदीबाटै पुन: श्रम स्वीकृति गराए । त्यसको एक महिना नपुग्दै छुट्टीमा नेपाल आएका उनको चट्याङ लागेर मृत्यु भयो ।

नेपालमै मृत्यु भए पनि वैदेशिक रोजगारीको श्रम अवधिका क्रममा मृत्यु भएकाले वैदेशिक रोजगार बोर्ड र बिमाबाट पाउने सम्पूर्ण सहायता उनको परिवारलाई प्राप्त भयो । तर पुन: श्रम स्वीकृति भएको एक महिना नबित्दै मृत्यु भएकाले उनले कोषको योगदानमा निरन्तरता दिन सक्ने कुरै भएन । त्यसकारण उनको परिवार पनि योगदानका आधारमा पाउनुपर्ने सुविधाबाट वञ्चित भयो ।

यसरी विभिन्न कारण कोषमा योगदान गर्न नपाएका व्यक्तिका परिवारले सुविधा पाउन सकेका छैनन् । २०७९ चैत ९ यता श्रम स्वीकृति र पुन: श्रम स्वीकृत गर्ने सम्पूर्ण कामदार ले सामाजिक सुरक्षा कोषमा अनिवार्य योगदान गर्नुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारमा जानेले २३०८ रुपैयाँ अनिवार्य योगदान गरेर आबद्धता जनाउनुपर्छ । यसबापत वैदेशिक रोजगारीमा भएका श्रमिकले विभिन्न सेवा-सुविधा पाउँछन् । वैदेशिक रोजगारीमा भएका श्रमिकले विदेशबाटै सूचीकृत तथा रकम जम्मा गर्न सक्ने, जम्मा गर्नुपर्ने रकममा छुट पाउने, निवृत्तीभरण योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना जस्ता योजना छन् ।

बाध्यात्मक अवस्था के छ भने यी सबै योजना अन्तर्गतका सुविधा प्राप्त गर्नका लागि एउटा जटिल सर्त छ, कम्तीमा ९ महिना सामाजिक सुरक्षा कोषमा योगदान गर्नुपर्ने ।

घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरे मात्रै दुर्घटना तथा अशक्तता र आश्रित परिवार सुरक्षा योजना प्राप्त हुन्छ ।

यसले गर्दा वैदेशिक रोजगारमा आबद्ध श्रमिक र श्रमिकका परिवारले सहुलियत प्राप्त गर्नका लागि तय गरिएका सर्त व्यावहारिक देखिँदैनन् ।

सामाजिक सुरक्षा कोषले भने मासिक पेन्सन दिने विषय भएकाले यसका निश्चित मापदण्ड हुने र अन्तर्राष्ट्रिय स्तरमा पनि यस्तै प्रकारको अभ्यास भइरहेको बताउँछ । संविधानको धारा ४३ मा सामाजिक सुरक्षासम्बन्धी हकलाई मौलिक हकको रूपमा अंगीकार गरिएको छ ।

सामाजिक सुरक्षासम्बन्धी हक अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था छ ।

सामाजिक सुरक्षाको उद्देश्य आघात बेहोरेका तथा तनावमा रहेका घर-परिवारलाई सहयोग पुऱ्याउनु होस मृत्यु, अशक्तता, भवितव्यको अवस्थामा सहायता तथा सहुलियत प्रदान गर्नु हो तर यस सम्बन्धी सेवा प्राप्त गर्नका लागि आवश्यक मापदण्डको अवधि उद्देश्य अनुरूप व्यावहारिक देखिएको छैन ।

नौ महिनासम्म भवितव्य पर्दैन भनेर कसले ग्यारेन्टी गर्न सक्छ रु भनै वैदेशिक रोजगारमा जाने श्रमिकको त काम, तलब, दुर्घटनाको ग्यारेन्टी गर्नु चुनातीपूर्ण भएकाले निश्चित अवधि र अनिवार्य योगदानको सर्त श्रमिकका लागि अनुकूल देखिँदैन ।

हुन त यो योगदानमा आधारित योजना हो भनेर स्पष्ट उल्लेख पनि गरिएको छ, तर चाहँदाचाहँदै योगदान गर्न नसकेका श्रमिकहरूको, कोषले तोकेको ९ महिनाको अवधि नपुग्दै मृत्युवरण गर्नुपरेकाहरूको र अंगभंग भएका श्रमिकको हकमा सामाजिक सुरक्षा कोषले कतिको न्याय गर्न सक्यो त रु मृत्यु र अशक्तता जस्तो ठुलो भवितव्य, आघात र तनाव के होला रु के यस्तो अवस्थामा पनि निश्चित अवधिसम्म योगदान गर्नुपर्ने सर्त मानवीय दृष्टिकोणबाट संवेदनशील छन् त ?

सामाजिक सुरक्षा अप्ठेरामा रहेकाको सारथी र बैसाखी बन्ने हो भने मृत्यु, अशक्तता, भवितव्यजस्तो अवस्थामा कम्तीमा नौ महिनाको सर्तको व्यवस्थालाई पुनर्विचार गर्नुपर्नेछ ।

श्रमिक र परिवारका सदस्यलाई किन सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने भन्नेबारेको सचेतना अभिवृद्धिबाटै कोषले काम थाल्नुपर्नेछ । वैदेशिक रोजगारको वास्तविक अवस्था र प्रकृतिलाई अध्ययन गरी नीतिगत सुधार गर्नुपर्नेछ । यसमा आप्रवासनमा संलग्न परिवारका सदस्य र आप्रवासनका विज्ञको सुझावलाई आत्मसात् गर्नुपर्ने जरुरी पनि छ ।

(लेखक पौडेल सुरक्षित आप्रवासनका क्षेत्रमा १० वर्षदेखि कार्यरत छन् ।)

मौलाकाली,आकर्षक गन्तव्य...

रहेको छ ।

केबलकार सञ्चालनमा आएसँगै हिँडेरै जानुपर्ने बाध्यात्मक अवस्था नरहेकोले भक्तजनको सङ्ख्या समेत पछिल्लो दिनमा बढेको बताउँछन् मौलाकालिका केवलकारका कर्मचारी भीम घिताल । केबलकार सञ्चालनमा आएपछि करिब २५ प्रतिशत भक्तजन तथा धार्मिक पर्यटक थपिएको उनी बताउँछन् । उनका अनुसार विगतका वर्षमा मौलाकालिकामा वार्षिक ५ लाख ५०

हजार आउने गरेकामा केबलकार संचालन आएपछि त्यो संख्या बढ्दै गएको छ। स्थानीय बासिन्दा र निजी क्षेत्रको साझेदारीको नमूना परियोजनाका रूपमा केबलकार निर्माण भएको हो । 'यहाँ केबुलकार सञ्चालनमा आएपछि गैंडाकोट र नवलपरासी पूर्वलाई मात्रै नभई छिमेकी जिल्लालाई समेत पर्यटन, कृषि, व्यवसाय, होटल रेस्टुराँ, रोजगारीलगायतमा स्थानीयलाई फाइदा केबलकारका मेनेजर सुरज पौडेलले जानकारी दिए ।

केबलकार आयोजनामा ५१ प्रतिशत शेयर मुख्य लगानीकर्ता आइएमइ समूह र बाँकी ४९ प्रतिशत लगानी स्थानीयको रहको छ । केबलकारले स्थानीयसहित करिब चार सय व्यक्तिलाई रोजगारी दिएको पौडेलले बताए । मन्दिर नजिक रहेको हेलिप्याडमा केबलकारको टपस्टेशन निर्माण भएको छ भने मौलाकालिका फेदीमा रहेको धारापानीमा बटम स्टेशन निर्माण भएको छ ।

केबलकारले एकतर्फी लम्बाई १ हजार ३ सय मिटर छ । यसका लागि छ वटा टावर निर्माण गरिएको छ । केबलकारमा १४ डब्बा रहेका छन् । १४ डब्बा मध्ये ३ वटा मालसमान ओसारपसारको लागि र १२ डब्बा यात्रुको लागि रहेको छ । एउटा डब्बामा एक पटकमा आठ जना यात्रु अटाउने क्षमता छ । हरेक डब्बा एक स्टेशनबाट अर्को स्टेशन पुग्न पाँच मिनेट लाग्दछ । केबलकारबाट प्रतिदिन छ हजार यात्रु आवतजावत गराउन सकिने कम्पनीले जनाएको छ ।

नारायणगढमा कुनै व्यक्ति केही घण्टा अलमल गर्नु पर्ने भयो वा रोकिनु पर्ने भयो भने पनि उसले सिमित समयको सदुपयोग गर्दै मौलाकालिका पुगेर दर्शन र दृश्यावलोकन गरी फर्कन सक्छ । स्थानीय पर्यटन व्यवसायी यसलाई छोटो समयकै एक आकर्षक



गन्तव्यका रूपमा लिने गर्छन् ।

मन्दिरमा १ हजार ८ सय ८३ खुड्किला चढेर समेत पुग्न सकिन्छ। वनै वनको बीचमा उकालो बाटो। बाटोको छेउछाउमा ढुंगा कुँदेर बनाइएका आकर्षक मूर्ति। चरा चुरूङ्गीको चिरविर आवाजमा र माउँदै डाँडा चढ्नेहरुले थकान बिर्सिएरै ती खुड्किला सजिलै पार गर्न गर्छन्, सक्छन् । मन्दिर नजिक डाँडामै पुग्ने लाग्दा घण्टको ध्वनिले मनै आनन्दित बनाउँछ। डाँडाको टुप्पोमा समथर भाग तथा फराकिलो आँगन रहेको आकर्षक मन्दिर हो मौलाकालिका।

उत्तरपट्टी हिम शृंखला र त्रिशूली र कालीको संगम देवघाटधाम देखिन्छ। दक्षिणतर्फ सललल बग्दै गरेको नारायणी नदीको नागवेली चाल। त्यसको पारिपट्टीको नारायणघाट बजारसहित चितवनको समथर भूभागको मनोरम दृष्य। यसले डाँडा उक्लिँदा लागेको थकान क्षणभरमै बिसाउँछ। अध्यात्म र आस्थाको केन्द्र हो, मौलाकालिका मन्दिरमा पुग्ने जो कोहीले स्वर्गको अनुभूति गर्न सक्छन् ।

ऐतिहासिक महत्वको यस मन्दिर चार सय ५० वर्ष पहिला सेन राज्यका पालामा निर्माण भएको मानिन्छ । डाँडाको टुप्पामा एउटा सानो मन्दिर र हेकोमा कहिलेकाहीं स्थानीय आदिवासीले पूजाअर्चना गर्ने गरेकोमा सोह्रौं शताब्दीमा पाल्पाका राजा मणिमुकुन्द सेनले देवी कलिकाको नाममा 'प्रतीक' को प्रतीकात्मक प्रस्तुतिस्थल सिर्जना गरेपछि पर्वत (मौला पहाड) को नाम राखिएको किंवदन्ती रहेको पाइन्छ ।

सेन राज्यको पतनसँगै यो मन्दिर ओझेलमा परेको बताइन्छ । सेनवंशी राज्यकालपछि शक्ति स्वरूपा मौलाकालिका भगवतीमा बोटे, दराई, चेपाङ, मगर, कुमाल, गुरूङजस्ता आदिवासीले पालैपालो गरेर पूजापाठ गर्थे भनिन्छ। त्यहाँ धमिरालेखाएको काठको मौलो र कालिका भगवतीको शिला पत्थर रहेको छ। आज पनि भक्तजनले तिनको पूजा गर्दै आएका छन् ।

पाल्पाका राजा मणिमुकुन्द सेनको राज्यकालमा तत्कालीन सैनिक टुकडीले आफ्नो गढी (ब्यारेक) मा मौलो गाडी कालिका भगवतीको शिला स्थापना गरेर पूजाअर्चना गर्दै आएको किंवदन्ती पाइन्छ। १६ औं शताब्दीमा पाल्पा राजाले देवी कलिकाको नाममा "प्रतीक" को प्रतीकात्मक प्रस्तुति स्थल सिर्जना गरे पछि पर्वत (मौला पहाड) को नाम राखियको थियो । यो मानिन्छ, हिन्दू पौराणिक कथाअनुसार देवी काली वा कलिका माईलाई ऊर्जा, शक्ति र नयाँ शुरूवात को प्रतीक मानिन्छ ।

विसं १९९० सम्म त्यहाँ टूलो सालको रूख थियो भन्ने कथन रहेको छ । रूख वरिपरि ढुङ्गाको पर्खाल थियो । खिया लागेर भष्म भइसकेका खुँद आकारका फलामका हतियार थिए । मौलाकालिका मन्दिरमा हरेक वर्ष नेपाल र छिमेकी मुलुक भारतबाट धार्मिक आस्था राख्ने हजारौं भक्तजन पूजा गर्न आउने गरेका छन् ।

विसं २०३८ देखि संस्थागत पूजाअर्चनाका साथै जनसहभागितामा विकास निर्माण कार्य गरिँदै आएको र विसं २०५३ मा प्यागोडा शैलीमा टूलो मन्दिर निर्माण भएपछि धार्मिक तथा अन्य पर्यटकको सङ्ख्या उल्लेखनीय रूपमा बढेको छ ।

मौलाकालिकालाई शक्ति स्वरूपाको रूपमा पुज्ने गरिन्छ। प्राकृतिक सौन्दर्यले भरिएको मौलाकालिका धार्मिक, साँस्कृतिक एवं पर्यटकीय दृष्टिकोणले आकर्षणको केन्द्र बनेको छ।

हिन्दू पौराणिक कथाअनुसार देवी काली वा कलिका माईलाई ऊर्जा, शक्ति र नयाँ कार्यको सुरूआतको प्रतीक मानेर पूजा गर्ने गरिएको छ । मौलाकालिका मन्दिरलाई स्थानीयस्तरमा धेरै पटक पुनःस्थापित गरि आधार क्षेत्र विस्तार गरिएको हो । धार्मिक सेवा समिति बलि दिने कार्यलाई रोक लगाएको छ ।

यहाँ बलिको साटो नरिवल, फलफूल चढाउने संस्कार बढ्दै गएको छ । भगवतीको दर्शन गरी चरणमा परेर गरेको भाकलबाट मनोकाङ्क्षा पूरा हुने विश्वास समेत छ ।

यहाँ अतिथि सत्कार गृह, योग ध्यान कक्ष, हेलिप्याड, गणेश तथा कृष्ण मन्दिर, व्यवस्थित भोजनालय, गौशाला, धार्मिक पर्यटक विश्राम गृह छन्। मन्दिर परिसरमा रहेको गुरूकुलमा विद्यार्थीहरू अध्ययनरत छन्।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौं । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक मल भन्दा प्राङ्गारिक मलको प्रयोगमा प्राथमिकता दिने गरौं ।

● सहीखबर साप्ताहिक

इन्द्रसरोवर गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

इन्द्रसरोवर गाउँपालिका
गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

२०८१ कात्तिक ८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

सम्झना घिमिरे



हेटौंडा

प्रदेशको अस्तित्व बचाउँने संघर्षमा

मकवानपुर । हेटौंडा बागमती प्रदेशको राजधानी । बागमती प्रदेश जहाँ संघीय राजधानी काठमाण्डौ समेत पर्दछ । संघीय राजधानीको पनि राजधानीको रूपमा रहेको हेटौंडामा तर यस्तो ठुलो चर्चा भने छैन । हेटौंडा पटक पटक अस्तित्वमाथि शंकट आइपर्दै संघषै गर्दै उठेको शहर हो । वि.स २०११ सालबाट हेटौंडाले अस्तित्वको लगाइ लड्नु परेको इतिहास पाइन्छ। वि.स २०११ सालमा हेटौंडामा बस्ती विस्तार भएको थियो । २०२६ सालमा नगरपालिका बनेको हेटौंडा अहिले संघीय राजधानी काठमाडौंको पनि राजधानी बन्न सफल भएको छ ।

२०७२ को संविधानले राज्यलाई ७ प्रदेश, ७७ जिल्ला,६५३ स्थानीय तहसहितको संघीय ढाँचामा रुपान्तरण गरियो । संघीय संरचना कार्यान्वयनमा आएपछि २०७४ मा सरकारले हेटौंडालाई प्रदेश ३ को अस्थायी राजधानीकारुपमा तोक्यो । २०७४ को पहिलो प्रदेशसभा निर्वाचनपछि एमालेका डोरमणि पौडेलको नेतृत्वमा प्रदेश सरकार गठन भयो । मुख्यमन्त्री पौडेल नेतृत्वको सोही सरकारको अगुवाइमा २०७६ पुस २७ गतेको प्रदेशसभाको दुईतिहाइ बहुमतले प्रदेश ३ को नाम बागमती र स्थायी राजधानी हेटौंडा कायम गऱ्यो ।

तत्कालीन मुख्यमन्त्री पौडेलले दर्ता गरेको प्रस्तावमा कांग्रेसका संसदीय दलका नेता इन्द्रबहादुर बानियाँ र राप्रपाका सांसद समर्थक थिए। ११० सदस्यीय प्रदेशसभाबाट बागमती नाम र हेटौंडा राजधानीको पक्षमा १०४ मत र विपक्षमा तीन मत परेका थियो। विवेकशील साझाका तीन सांसदले मात्रै धुलिखेललाई स्थायी राजधानी बनाउने प्रस्ताव दर्ता गरेका थिए । अस्थायी राजधानीबाट स्थायी राजधानीमा परिणत भएको करिब ५ वर्ष पूरा हुन लाग्दापनि प्रदेश सरकारले स्थायी संरचना भने निर्माण गर्न सकेको छैन ।

प्रदेश सरकारले स्थायी संरचना निर्माण गर्नखोरै पहल गरेको देखिँदैन भने अर्कोतिर प्रदेशका मन्त्रालयका हुन् वा निर्देशनालयका सबै सम्पर्क कार्यालय काठमाडौंका खोलिएका छन् । यसले प्रदेश राजधानी तोकिएका बेलाको हेटौंडाको चहलपहल क्रमशः सेलाउँदै गएको छ । 'बागमती प्रदेशको राजधानी हेटौंडा अहिले नाममामात्र सीमित होला भन्ने डर छ,' पूर्वमुख्यमन्त्री पौडेलले भने,'मन्त्रालयका हुन् वा अन्य प्रदेशस्तरका कार्यक्रम क्रमशः काठमाडौंतिर हुने गरेका छन् । हेटौंडाका लागि यो राम्रो संकेत होइन ।' संरचना नबन्दैमा हेटौंडाको अवस्था नफेरिएको भने होइन । प्रदेशराजधानी भएपछि हेटौंडामा प्रभावकारी ढंगले काम भएको क्षेत्र हो स्वास्थ्य । रिफर सेन्टर का रुपमा परिचय बनाइरहेको हेटौंडा अस्पतालले अहिले दैनिक हजारौं बिरामीलाई विभिन्न सेवा दिइर हेको छ । हेटौंडा अस्पतालको काँचुली फेरिनुमा प्रदेश राजधानीको महत्वपूर्ण भूमिका छ ।

मुलुक संघीयता कार्यान्वयनको आठ वर्ष पूरा गर्ने चरणमा छ।यो अवधिमा भएका दुईवटा आमनिर्वाचनबाट बागमती प्रदेशले ४ जान प्रदेश प्रमुख, ५ जना मुख्यमन्त्री पाएको छ भने ७९ जनालाई मन्त्री बनाइसकेको छ । संघीयतापछि गठित दुई वटा संसद्बाट एमाले, माओवादी केन्द्र,एकीकृत समाजवादी र कांग्रेसले सरकारको नेतृत्व गर्ने अवसर पाएको छ ।

संघीयतापछि २०७४ मा सम्पन्न पहिलो निर्वाचनपछि गठन भएको प्रदेशसभाको कार्यकालमा एमालेले दुई र एकीकृत समाजवादीले एक पटक सरकारको नेतृत्व लिएको छ । दुई फरक सत्ता समीकरणबाट निर्माण भएका ती सरकारले तीन मुख्यमन्त्री र ३९ जना मन्त्री पाएको थियो । २०७९ मंसिरमा सम्पन्न दोस्रो प्रदेशसभा निर्वाचनपछि दुई मुख्यमन्त्रीर ४० जना मन्त्री भइसकेका छन् । संसद्को पहिलो कार्यकालमा तीन मुख्यमन्त्री पाएको वागमतीले प्रदेशमा रहेका कुल ११० सांसदमध्ये यो अवधिमा ३९ जनाले मन्त्री बन्ने अवसर पाए ।

*२०७४ माघ २८ मा गठित प्रदेश सरकार को नेतृत्व एमालेका डोरमणि पौडेल*ले गरेका थिए। उनले प्रदेशमा ७ मन्त्रालय कायम गरेर ४३ महिना (३ वर्ष ७ महिना) सरकार सञ्चालन गरेका थिए । उक्त अवधिमा उनले एमालेका ५ र माओवादी केन्द्रका २ जना मन्त्री बनाएका थिए। सुरूमा नेकपा (एमाले) माओवादी केन्द्रको एकतापछि बनेको दल)बाट मुख्यमन्त्री बनेका पौडेलले ८३ सांसदको समर्थन पाएका थिए ।

करिब ४३ महिना (३ वर्ष ७ महिना) सरकारको नेतृत्व गरेका पौडेलले २०७७ फागुनमा माओवादी केन्द्रको समर्थन गुमाएका थिए । नेकपाबाट माओवादी केन्द्र र एमालेको साथ छुटेपछि मने एमालेका ५९ जना सांसदको मात्र साथ पाए । पौडेल नेतृत्वको सरकार गठन हुँदा एमालेकै केशव स्थापित भौतिक पूर्वाधार विकासमन्त्री बनेका थिए भने माओवादी केन्द्रका शालिक राम जम्कट्टेल आन्तरिक मामिला तथा कानुनमन्त्री बनेका थिए ।

२०७४ फागुन १६ गते मुख्यमन्त्री पौडेलले मन्त्रिपरिषद् विस्तार गर्दै सरकारमा कैलाश ढुंगेल आर्थिक मामिला तथा योजनामन्त्री, अरूण नेपाल उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री, दावा दोर्जे लामा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री, युवराज दुलाल सामाजिक विकासमन्त्री नियुक्त गरे ।

२०७४ फागुन १६ गते मन्त्री नियुक्त भएका केशव स्थापित २०७५ कात्तिक १६ गते बर्खास्त भए भने २०७६ माघ १६ गते पौडेलले पुनः मन्त्रिपरिषद् विस्तार गरेर रामेश्वर फुयाललाई भौतिक पूर्वाधार विकासमन्त्री बनाए ।

नेकपाको खारेजीसँगै एमाले र माओवादी केन्द्र ब्युँतिएपछि २०७८ वैशाख १५ मा पौडेलले फेरि मन्त्रिपरिषद् पुनर्गठन गरे। जसमा आन्तरिक मामिला तथा कानुन मन्त्री केशवराज पाण्डे, उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्री सरेश नेपाल र सामाजिक विकासमन्त्री सरस्वती बस्नेत बने । सो समयमा डा. रामकुमार अधिकारी राज्यमन्त्री बने । पौडेलको कार्यकालमा मात्रै राज्यमन्त्रीसहित १० जना मन्त्री बने।

राजनीतिक कोर्स परिवर्तनपछि *पौडेलले २०७८ भदौ २ मा मुख्यमन्त्री पदबाट राजीनामा दिएर एमालेकै अष्टलक्ष्मी शाक्य*ले केही समय प्रदेश सरकारको नेतृत्व गरिन् ।

२०७८ भदौ ३ मा एमाले विभाजन भएकै दिन पौडेलले एमालेकी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यलाई सत्ता हस्तान्तरण गरे । उनको क्याबिनेटमा कृष्णप्रसाद खनाल छोटो समय सामाजिक विकासमन्त्री बने । शाक्यको कार्यकालमा राज्यमन्त्रीसहित ११ जनाले मन्त्री बन्ने मौका पाए । शाक्य नेतृत्वको सरकार ढल्यो ।

२०७८ कात्तिक १० मा गठबन्धनका तर्फबाट एकीकृत समाजवादीका राजेन्द्र पाण्डे मुख्यमन्त्री बने । सोही दिन कांग्रेस, माओवादी केन्द्रसहितको समर्थनमा सरकारमा दाबी गरेका पाण्डे कात्तिक ११ गते ५९ सांसदको समर्थनसहित मुख्यमन्त्री बनेका थिए । उनको १४ महिने कार्यकालमा १४ मन्त्रालय कायम भएको थियो भने १८ मन्त्री नियुक्त भएका थिए ।

तत्कालीन मुख्यमन्त्री पाण्डेले आफू नियुक्त भएकै दिन २०७८ कात्तिक ११ मा कृष्णप्रसाद खनाल, कुमारी मोक्तान र कृष्णलाल भँडललाई मन्त्री बनाए । त्यसपछि उनले ३ पटक मन्त्री थप गर्दा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल, घनश्याम दाहाल,रत्नप्रसाद ढकाल,विशाल खड्का,एकीकृत समाजवादीका वसन्तप्रसाद मानन्धर, वसुन्धरा हुमागाईं, कांग्रेसका बलराम पौडेल, मिलनबाबु श्रेष्ठ, दीपेन्द्र श्रेष्ठ,निमा लामाले मन्त्री बन्ने अवसर पाए । एकीकृत समाजवादीकी इन्द्रमाया गुरूङ, कांग्रेसका सन्तबहादुर चेपाङ, रजनी अमात्य जोन्छे र कल्पना नेपाली राज्यमन्त्री नियुक्त भए ।

सो अवधिमा केन्द्र भएको राजनीतिक समीकरण परिवर्तनको निरन्तर असर बागमती प्रदेशमा परिरहयो । प्रदेशमा हालसम्म माओवादी केन्द्रका नेता शालिकराम जम्कट्टेल र कांग्रेसका बहादुरसिंह लामाले सरकार नेतृत्व गर्ने मौका प्राप्त गरेका छन् ।

दोस्रो प्रदेशसभा निर्वाचनपछि *जम्कट्टेल २०७९ पुस २५ गते पहिलो पटक मुख्यमन्त्री नियुक्त भए।* सदनमा रहेको कांग्रेस, एमाले, राप्रपा र हाम्रो नेपाली पार्टीसँग पटकपटक गठबन्धन परिवर्तन गरी सरकार नेतृत्व गरिरहे ।

उनले आफ्नो कार्यकालमा २६ मन्त्री नियुक्त गरे । जम्कट्टेलको कार्यकालमा ४ जना सांसदले दोहोऱ्याएर मन्त्री पदमा नियुक्ति हुनसमेत भ्याए । उनको कार्यकालमा एमालेका जगन्नाथ थपलिया, एकालाल श्रेष्ठ, केशवप्रसाद पोखेल र रामेश्वर श्रेष्ठलाई मन्त्रीमा दोहोऱ्याएर नियुक्त गरेका थिए । जम्कट्टेलले यसअवधिमा तीनपटक सदनमा विश्वासको मत लिए । अन्तिम पटक भने विश्वासको मत नलिईराजीनामा दिएर मार्ग प्रशस्त गरिदिए । राजनीतिक घटनाक्रम परिवर्तनसँगै ३ वटा समीकरणबाट उनले सरकार सञ्चालन गरे ।

गत *साउन ९ गतेमात्र मुख्यमन्त्रीमा नियुक्त भएका कांग्रेस नेता बहादुर सिं लामाले* १४ जना मन्त्री नियुक्त गरेर सरकार चलाइरहेका छन्। गठबन्धन परिवर्तन भइरहने संस्कृतिले भागबन्डा मिलाउन मन्त्रालय विभाजन,बजेट कार्यान्वयन,सरकारको नीति तथा कार्यक्रम र सेवा प्रवाहमा असर पर्ने गरेको स्वयम् मुख्यमन्त्री, मन्त्री तथा सांसदहरुले नै बताउने गरेका छन् ।

संघीयता विज्ञ तथा पूर्वराष्ट्रियसभा सदस्य डा. खिमलाल देवकोटाका अनुसार गठबन्धन परिवर्तनका कारण देशमा अस्थिरता र जनतामा निराशा बढिरहेको छ । 'लगातार सरकार परिवर्तन हुँदा जनतामा निराशा बढ्यो । आमनागरिकको सेवा प्रवाहमा नकारात्मक असर परिरहँदा संघीयतामाथि नै प्रश्नचिह्न खडा भइर हेको छ,' उनले स्थिर सरकार र संघीयतालाई पूर्ण रुपमा बलियो बनाउनु नै अहिलेको आवश्यकता भएको बताए ।

प्रदेश सरकार अस्थिर हुँदा त्यसको प्रत्यक्ष प्रभाव कानुन निर्माणमा समेत परिरहेको छ । प्रदेशले स्थापनायता हालसम्म ६३ वटा मूल कानुन निर्माण गरेको छ । प्रदेश सरकार स्थापनाकै समयमा प्रदेशलाई पूर्ण रुपमा सञ्चालन गर्न करिब ९९ वटा कानुनको पहिचान गरिएको थियो । हालसम्म वागमतीमा ८० वटा ऐन, १४ अध्यादेश, ४१ नियमावली, ३ विनियमावली, ९ निर्देशिका, ६६ कार्यविधि, १२ मापदण्ड, १४ आदेश गरी २४० वटा कानुन निर्माण भएका छन् । तीमध्ये २३९ वटा प्रदेश राजपत्रमा प्रकाशित भइसकेका छन् ।

संविधानले संघीय स्वरुपअन्तर्गत राज्यको मूल संरचना संघ,प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने गरी व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुन संवैधानिक व्यवस्था रहेको छ । व्यवहारमा हेर्दा संघीयता संघ नियन्त्रित रहेको छ । संविधानमा व्यवस्था भएका अधिकार पनि प्रदेश सरकारले पाउन सकेका छैनन् । प्रहरी, प्रशासन प्रदेश सरकारमातहत छैनन्, औद्योगिक क्षेत्रहरु सबै संघीय सरकारले आफूमातहत राखेको छ ।

प्रदेश सरकारलाई संघीय सरकारले लाचारछाया र अधिकारविहीन बनाएकाले इमानदार मानिसले पनि प्रदेश सरकारको औचित्यमाथि औंला ठड्याइरहेका छन् । प्रदेश सरकारको आफ्ना कार्यशैलीहरु पनि दोषमुक्त छैनन्।'असमान वितरण समान विकास'को अवधारणा पनि प्रदेश सरकारमा छैन । रूबीभ्याली गाउँपालिका र मनहरि गाउँपालिकालाई बराबर रकम वितरण गर्ने अनि विकास समान खोज्ने यस्तो चिन्तनले ग्रसित छ प्रदेश सरकार ।

जति आदर्श र संघर्षमा लडिरहेपनि प्रदेश सरकार ले आफ्नो उपस्थितीलाई बलियो गरि स्थापित गर्न सकेको छैन । संघीताको असल कार्यान्वयन मै शंका भएको प्रदेश सरकारमै रहेका मन्त्री तथा सांसदहरूले टिप्पणी दिँदै भाषण गर्नुले पनि यो स्पष्ट हुन्छ ।

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ कात्तिक ८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

बागमती सरकार सय दिन समिक्षा

गठबन्धनमात्रै बलियो उत्साहजनक प्रगती छैन

मकवानपुर । बागमतीमा बलियो गठबन्धन सहितको सरकार गठन भएको सय दिन पुग्नै लागेको छ । गत ८ साउनमा नेपाली कांग्रेसका नेता बहादुर सिं लामा मुख्यमन्त्री नियुक्त भएर नयाँ गठबन्धनको सरकार बन्यो । ११० सदस्यीय प्रदेशसभामा ठूलो दल कांग्रेस (३७ सिट) र दोस्रो ठूलो दल नेकपा एमाले (२७ सिट) मिलेर बनेको बलियो सरकार कार्यसम्पादन भने कमजोर जस्तो देखिएको छ ।

१४ कात्तिकमा सरकार १०० दिन पुग्दैछ । १५ साउनमा विश्वासको मत पाएका मुख्यमन्त्री लामाले लामो समयसम्म मन्त्रिपरिषद् विस्तार गर्न सकेनन् । आफ्नै पार्टीभित्रको गुटगत विवादका कारण मन्त्री नियुक्त भइसकेका प्रभात तामाङलाई शपथ नगराई कुन्दनराज काफ्लेलाई आर्थिक मामिला मन्त्रालयको जिम्मेवारी दिए । पार्टीको विवाद मिलाउनकै लागि उनले एमालेसँग भागबण्डा मिलिसकेको अवस्थामा आर्थिक मामिला मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालय साटासाट गरे ।

दुई पार्टीको मात्र सरकार बन्दा पनि मुख्यमन्त्रीले मन्त्रालय संख्या घटाउन सकेनन् । प्रदेशमा १३ वटा मन्त्रालय र १४ जना मन्त्री छन् । मन्त्री मदुकुमार श्रेष्ठ तीन महिनादेखि विना विभागीय छन्।मन्त्रिपरिषदमा कांग्रेसका मुख्यमन्त्रीसहित ८ जना र एमालेका ६ जना छन् ।

मन्त्री संख्या बढाएपछि असन्तुष्टि जनाएको सत्ता साझेदार दल एमालेलाई थामथुम पार्न मुख्यमन्त्री लामाले श्रेष्ठलाई 'जगेडा' मन्त्रीको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमै कोठा दिएर राखेका छन् ।

न्यूनतम साझा कार्यक्रमको अपनत्व लिएन

बागमती सरकार गठन भएको दुई महिनापछि अर्थात ६ असोजमा कांग्रेस र एमालेले न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको थियो । मुख्यमन्त्री बहादुर सिं लामा र एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले हस्ताक्षर गरेको ६७ बुँदे न्यूनतम साझा कार्यक्रमलाई हालसम्म मन्त्रिपरिषदले अनुमोदन वा स्वीकार गरेको छैन ।

"कांग्रेस र एमालेबीच सहमति भएर सार्वजनिक गरिएको हो । क्याबिनेटमा मौखिक सहमति भएको हो, क्याबिनेटबाट त्यसरी प्रस्ताव पारित भने भएको छैन", सरकारका प्रवक्ता तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले भने ।

विपद् प्रतिकार्यमा कमजोर भूमिका

असोज दोस्रो हप्ताको अविरल वर्षापछिको बाढीपहिरोले बागमती प्रदेशमा सबैभन्दा धेरै जनधनको क्षति भयो । प्रदेशको काभ्रे, सिन्धुली, मकवानपुर, धादिङ, काठमाडौं, ललितपुर बढी क्षतिग्रस्त जिल्ला हुन् । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौं भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली र रामेछापमा भारी वर्षा हुन सक्ने भन्दै 'रेड अलर्ट' दिए पनि प्रदेश सरकारले पूर्वसूचना दिन सकेन ।

विपदपछि खोज र उद्दारमा पनि प्रभावकारी काम गर्न नसकेको सहप्राध्यापक पराजुली बताउँछन् । 'सरकार विपदपछि गाडी लिएर अवलोकनमा मात्रै हिँडेको पाइयो', उनले भने । बाढीपहिरोले बागमती प्रदेशमा डेढ सयजना भन्दा बढीले ज्यान गुमाए ।

असोज अन्तिममा बागमती प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति बैठकको निर्णय सुनाउँदै कानुनमन्त्री लामिछानेले विपद्जन्य घटनामा उद्दार सामग्री र जनशक्तिको अभावले सरकारको भूमिका कमजोर हुन पुगेको स्वीकार गरे । सरकारले विपद् जोखिमयुक्त प्रदेशका ४५ वटा स्थानीय तहलाई ५ करोड ८० लाख रुपैयाँ आर्थिक सहायता प्रदान गरेको थियो । ७ वटा स्थानीय तहलाई २० लाख, १२ वटा स्थानीय तहलाई १५ लाख र २६ वटा स्थानीय तहलाई १० लाखका दरले रकम दिएको हो ।

सांसद रिझाउन बजेट थप्ने सहमति

बागमती सरकारको राजस्व संकलन कमजोर बन्दा आम्दानी खुम्चिएको छ । आम्दानी घटेपनि सरकारले सांसद रिझाउन योजनामा बजेट थप्ने सहमति गरेको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ को असोजसम्म बागमती सरकारले ४ अर्ब ५३ करोड ८४ लाख ७९ हजार आन्तरिक राजस्व उठाउने लक्ष्य राखेकामा ८९ करोड ८४ लाख २ हजार रुपैयाँ मात्रै संकलन गरेको छ । कृषि आयतर्फ १० लाख रुपैयाँ राजश्व उठाउने लक्ष्य राखेको सरकारले तीन महिनामा ८ हजार रुपैयाँ मात्र उठाएको छ ।

संघीय सरकारबाट १५ अर्ब ५७ करोड ५६ लाख अनुदान पाउने अनुमान गरेकोमा २ अर्ब ६ करोड ८ लाख ५० हजार रुपैयाँ मात्रै पाएको थियो ।विपक्षी दलको चित्त बुझाउन बागमतीमा पारित भइसकेको बजेटमा योजना थप गर्ने सहमति गरियो । चालू आर्थिक वर्ष २०८१/८२ को बजेटमा सरकारले प्रत्यक्ष निर्वाचित सांसदलाई ३ करोड र समानुपातिक सांसदलाई २ करोड सिलिङ तोकेको थियो । तर बजेट अपुग भएको भन्दै माओवादी, राप्रपा र एकीकृत समाजवादीले प्रदेशसभा बैठक अवरोधको तयारी गरेपछि सर्वदलीय बैठकले झण्डै एक अर्बको बजेट थप गर्ने सहमति गरेको थियो ।

चोरीमा संलग्न ९ जना प्रहरीको नियन्त्रणमा



○सहीखबर संवाददाता

मकवानपुर । जिल्ला प्रहरी कार्यालय मकवानपुरले विभिन्न स्थानमा चोरीको घटना संलग्न ९ जनालाई नियन्त्रणमा लिएको छ ।

९ जना मध्ये १ जना ३ वटा घटनामा संलग्न रहेको प्रारम्भिक अनुसन्धानमा पत्ता लागेको प्रहरीले जनाएको छ ।

प्रहरीले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको चोरीको श्रृखला १६ दिनअघिबाट सुरु भएको थियो । जसमा पहिलो घटना थियो नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योगको तार चोरीको घटना । १७ दिनअघि चोरी भएको तार सहित जिल्ला प्रहरी कार्यालय मकवानपुरले ३ जनालाई नियन्त्रणमा लिएको हो ।

गत असोज २२ गते रातको समयमा चोरी भएको हेटौंडा सिमेन्ट उद्योगको झण्डै १० लाख रुपैयाँको तामाको तार सहित प्रहरीले ३ जनालाई नियन्त्रणमा लिएको हो । मकवानपुर हेटौंडा उप महानगर पालिका वडा नं. ९ लामसुरे स्थित हेटौंडा सिमेन्ट उद्योगको पश्चिम तर्फको रोपवेदेखी क्रसरसम्म जाने ६ ईन्च र ४ ईन्चको बिजुलीको तामाको तारहरु काटि चोरी भएको थियो ।

प्रहरी अनुसन्धानको क्रममा चोरी भएका तारहरुको बाहिरी खोलहरु उद्योग नजिक प्लटिङ गरेको जग्गामा फेला परेको थियो । प्रहरीले अनुसन्धानको क्रममा २२ असोजमा हेटौंडा १२ बनस्पती निवारी २२ वर्षिय मनिराम थोकरले सोही स्थानको हार्डवयर पसलबाट ह्यक्सो ब्लेड खरिद गरी लगेको जानकारी पाएपछि थोकरलाई निगरानीमा राखेको थियो ।

अनुसन्धानको क्रममा ७ कात्तिकमा मनिराज थोकरलाई नियन्त्रणमा लिएको हो । थोकरका अनुसार हेटौंडा १३ बस्ने २८ वर्षिय सन्तबहादुर तितुङलगायत अन्य करीब ७ जना व्यक्तीहरु मिली उक्त बिजुलीको तारहरु चोरी गरी उद्योग नजिकै प्लटिङ गरेको जग्गमा ल्याई तारहरु छिलेर हेटौंडा ४ स्थित फरेष्टी गेट नजिक कवाडी पसलमा बेचेका थिए ।

पसल सञ्चालक भारतीय नागरिक, भारत मोतिहारी जिल्ला चिरैया थाना वडा नं. ७ बस्ने दिल खुश कुमार साहलाई बिक्री गरेको पाइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार चोरीमा संलनहरु मनिराम थोकर, सन्त बहादुर तितुङ र कवाडी संचालक दिल खुश कुमार साहलाई नियन्त्रणमा लिई चोरी तथा डांका मुद्धा कसुरमा म्याद थप गर्ने कार्य भईरहेको छ । अन्य फारारहरुको खोजि भइरहेको प्रहरीले जनाएको छ ।

यसैगरी मकवानपुर प्रहरीले १०५ किलो ६९ ग्राम लागू औषध गांजा सहित १ जना पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय नेवार पानी मकवानपुरबाट खटिएको प्रहरी टोलीले जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. १९ नेवारपानी स्थित पुर्व पश्चिम सडकखण्डको रजैया जाने जंगल छेउमा रोकी राखेको गाडीबाट गाँजा नियन्त्रणमा लिएको जनाएको छ ।

बागमती प्रदेश ०१-०२५ च ७८७१ नं. को योद्धा पिकअप गाडी र सो गाडी भित्र रहेका हेटौंडा वडा नं. ३ बसामाडी बस्ने २४ वर्षिय पन्चलाल थिङलाई नियन्त्रणमा लिइएको छ । गाडीमा ३ वटा बोरा भित्र रातो प्लाष्टिकले बेरिएको १० वटा पोकामा १०५ किलो ६९ ग्राम लागू औषध गाँजा फेला परेकोले थिङलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

यसैगरी कात्तिक ३ गते हेटौंडा उमनपा वडा नं.८ कर्णावती मार्ग स्थित शिव गौतमको निर्माणाधिन घरबाट बिजुलीको तारहरु चोरी गर्ने ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीले हेटौंडा ८ कमाने बस्ने २६ वर्षिय सुमन राई , २५ वर्षिय समिर घिमिरे र २४ वर्षिय सुशान्त श्रेष्ठलाई नियन्त्रणमा लिएको हो । मकवानपुर प्रहरीले नगद चोरीको गर्ने अर्को २ जनालाई नियन्त्रणमा लिएको छ । मकवानपुर हेटौंडा उमनपा वडा नं.८ क्याम्पा स्थित हेटौंडा फन भिल्लाबाट ६० हजार मुल्य बराबरको १ थान साउण्ड सिस्टम, र नगद २० हजार चोरी भएको घटनामा संलग्न १ जनालाई नियन्त्रणमा लिएको प्रहरीले पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

प्रहरी प्रवक्ता श्यामु अर्याल अनुसार हेटौंडा ८ बस्ने २४ वर्षिय सुशान्त श्रेष्ठकै संग्नता रहेको प्रहरीले जनाएको छ।

यसैगरी कात्तिक ३ गते हेटौंडा २ बाट चोरी भएको मोटरसाइकल पनि शुसान्त श्रेष्ठको साथबाट नियन्त्रणमा लिइएको छ । ना ३ प ४७३ नं. को मोटरसाइकल हेटौंडा ८ बस्ने २४ वर्षिय सुशान्तकै साथबाट प्रहरीले नियन्त्रणमा लिएको हो ।

यसैगरी इलाका प्रहरी कार्यालय मकवानपुरगढि मकवानपुर बाट खटिएको प्रहरी टोलीले जिल्ला मकवानपुर मकवानपुरगढि गाउँपालिका २ शिखरकटेरी स्थित कान्तीलोक पथ सडकखण्डमा सवारी साधन रोकी चेकजाँच गर्ने क्रममा चोरीको समान सहित १ जनालाई नियन्त्रणमा लिइएको हो ।

प्रदेश २-०१-००३ प ६१०५ नं.को मोटरसाइकल चालक कञ्चनपुर जिल्ला बेलडी गाउँपालिका ३ घर भई हाल फाष्ट ट्र्याकमा वेल्डिङको काम गर्ने मिस्त्री २४ वर्षिय राजेश्वर चौधरी र निजको मामा राहुल चौधरीलाई लेनडांडाबाट ३७.२३ किलो सेतो धातुको बिजुलीको तार चोरी गरी हेटौंडा तर्फ लैजादै गरेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको हो । चौधरीद्वयमाथि प्रहरीले थप अनुसन्धान गरिरहेको बताएको छ ।

यस्तो थियो सिमेन्ट उद्योग तार चोरी प्रकरण

मकवानपुर । २३ कात्तिकमा उद्योगको तार चोरी भएपछि जिल्ला प्रहरी कार्यालय मकवानपुर र प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालको निर्देशनमा उद्योग प्रशासनले छानबिन समिति बनाएर काम गऱ्यो ।

हेटौंडा-९ स्थित लामसुरेमा रहेको सरकारी स्वामित्वको उद्योगबाट असोज २२ गते राति करिब एक सय मिटर तामाको तार चोरी भएको थियो । उक्त विषयमा प्रहरी र प्रशासनले एक हप्तापछि जानकारी प्राप्त भएको जनाएको थियो ।

तर, घटनाको विषयमा प्रहरीकै कुरा बाझिएको भन्ने तिव्र आलोचनाका बीच प्रहरीले ३ जनालाई नियन्त्रणमा लिएको हो ।

तार चोरी भएको भोलिपल्ट बिहान उद्योगभित्र रहेको मन्त्रीको क्वार्टरका सुरक्षा गार्डले घटनाको विषयमा इलाका प्रहरी कार्यालय पशुपति नगरलाई जानकारी गराएको बताएको थियो ।

तर कार्यालय प्रमुख तथा प्रहरी निरीक्षक विमलाकुमारी कठायतले आफूहरुलाई खबर नभएको बताएपछि प्रहरीमाथि नै शंका गरिएको थियो ।

उद्योगभित्रै रहेको बागमती प्रदेशका मन्त्री क्वार्टरको सुरक्षार्थ खटिएका प्रहरी सहायक निरीक्षक शिवमंगल चौधरीले इलाका प्रहरी कार्यालय पशुपति नगरलाई घटनाको विषयमा जानकारी गराएका थिए ।

मकवानपुरका प्रहरी प्रमुख उपरीक्षक विश्वराज खड्काले मसिनो गरी गरिएको अनुसन्धानले प्रहरीलाई सफलता मिलेको बताए ।

प्रजिअ चिलुवालले सात दिनभित्रमा तार चोरी घटनाको प्रतिवेदन पेस गर्न उद्योग प्रशासनलाई निर्देशन दिएका थिए । उनले जिल्ला प्रशासन कार्यालयमा उद्योगका महाप्रबन्धक बसन्त पाण्डेलाई बोलाएर घटनाको विषयमा प्रतिवेदन तयार पार्न र प्रहरीलाई सहयोग गर्न निर्देशन दिएका थिए ।

गत जेष्ठमा मात्रै हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापन समितिको अध्यक्ष पद सम्हालेका नरेन्द्र भण्डारी उद्योगको तार चोरीको घटना रहस्यमय भएको बताए । सुरक्षा गार्डले तत्काल खबर नगर्नु रहस्यको प्रमुख कारण भएको भण्डारीले बताएका थिए ।

आफ्ना सन्तानहरुको साथीसंगतमाथि निगरानी गरौं ।

● सहीखबर साप्ताहिक

फुटबलको पेनाल्टी सुटआउट प्रतियोगिता हुने

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगर पालिकामा फुटबलको पेनाल्टी सुटआउट प्रतियोगिता हुने भएको छ । हेटौंडा ४ मा रहेको कर्रा युवा क्लबको आयोजना प्रतियोगिता हुने भएको हो । ९ कार्तिकमा तिहार र छठ पर्वको अवसरमा शुभकामना आदान प्रदानसहित प्रथम संस्करणको खुल्ला पेनाल्टी सुटआउट प्रतियोगिता हुने क्लबले जनाएको छ । खेलाडीहरुबीच भातृत्व कायम गराउन, खेलको महत्वबारे बुझाउन प्रतियोगिताको आयोजना गर्न लागिएको हो ।

हेटौंडा-४ स्थित हुप्रचौर मैदानमा हुने प्रतियोगिताको उपाधि विजेता टिमले ३० केजीको खसीसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २० केजीको खसीसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने क्लबका संरक्षक निरज सिंह ठकुरीले जानकारी दिए ।

प्रतियोगितको लागि हालसम्म ८ वटा टिम दर्ता भइसकेका छन् । हेटौंडा फुटबल एकेडेमी ए, हेटौंडा फुटबल एकेडेमी बी, कमाने फुटबल एकेडेमी, एमआरसी हेटौंडा, आयोजक क्लब ए, आयोजक बी, रेड हाईट पदमपोखरी, भूटनदेवी क्लब, भुटनदेवी युवा क्लब, इन्टरनेट एफसी, प्रतिभा युवा क्लब गढी, हाँडीखोला युथ क्लबले दर्ता गरेको प्रतियोगिता संयोजक रसिष मगरले बताए ।

प्रतियोगितामा सहभागिताको लागि ८ कार्तिकसम्म टिम दर्ता गराइसक्नुपर्ने बताइएको छ । उक्त मितिसम्म अन्य टिम समेत दर्ता हुन सक्ने आयोजकले जनाएको छ । दर्ता शुल्क २ हजार ५ सय रुपैयाँ तोकिएको छ ।







